मनसुन २०८३ को ६० दिने स्थिति प्रतिवेदन

(२०८३ असार ५ - २०८३ भदौ १)

१४०२	६९	७	१२१	१६३५
मनसुनजन्य घटना	मृत्यु	बेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार

सारांश

- यस वर्ष मनसुन सरदर मितिभन्दा एक साता ढिला गरी असार ५ (जुन १९) मा नेपाल प्रवेश गर्यो। जल तथा मौसम विज्ञान विभागले यस वर्ष मनुसनमा सरदरभन्दा कम पानी पर्ने र तापक्रम औसतभन्दा बढी रहेको आकलन गरेको थियो। विभागका अनुसार ६० दिनमा वर्षा औसतभन्दा कम रहेको छ।
- यस अवधिमा रोल्पा, जाजरकोट, डोल्पामा पहिरो र आकस्मिक बाढीका केही ठूला घटना भए। सबैभन्दा धेरै मानवीय क्षति रोल्पाको थवाङ-५ मा साउन २७ गते गएको पहिरोका कारण भयो। उक्त घटनामा परी १२ जनाको मृत्यु भएको छ भने एक जना अझै बेपत्ता छन्। रोल्पाकै सुनछहारी गाउँपालिका-२ मा साउन २८ गते गएको अर्को पहिरोमा ४ जनाको मृत्यु भयो।
- त्यसैगरी, जाजरकोट भेरी नगरपालिका-२ रिसाङमा गएको पहिरोमा परी ४ जनाको मृत्यु भयो भने ११ जना घाइते भए। उक्त घटनामा परी १६८ घरधुरीका ८९३ जना प्रभावित भए।
- सबै विपद् प्रभावितलाई संघ सरकारका विभिन्न निकाय, स्थानीय तह, प्रदेश सरकार, विकास साझेदार, साझेदार संघ संस्था, निजी क्षेत्रका तर्फबाट तत्काल राहतको व्यवस्था गरिएको छ। त्यसैगरी, भेरी-२, जाजरकोटमा विस्थापितहरुले आश्रय लिइरहेको स्थान र रोल्पामा पहिरो गएको क्षेत्रको स्थलगत भौगर्भिक अध्ययन गरिएको छ।
- ६० दिनको अवधिमा मनसुन प्रतिकार्य कमाण्ड पोष्टका तीनवटा बैठक (पहिलो- असार १०, दोस्रो-साउन २ गते र तेस्रो-साउन ३१ गते) बसी विभिन्न जरुरी निर्णय भएका छन्।
- विपद्सम्बन्धी घटना, गुनासा, सूचना तथा उद्धारसम्बन्धी सेवालाई थप छिटो, सहज र प्रभावकारी बनाउन विपद् हटलाइन नम्बर परिवर्तन गरी १२३४ बनाई जिल्लास्तरसम्म विस्तार गरिएको छ। परिमार्जित व्यवस्थाअनुसार काठमाडौँ उपत्यकाका तीन जिल्लाबाहेक ७४ जिल्लाबाट १२३४ मा गरिएको फोन सम्बन्धित जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्वतः उठ्ने व्यवस्था मिलाइएको छ।
- प्रतिकार्यलाई प्रभावकारी बनाउन यस अवधिमा वायुसेवा संचालक संघ, नेपाल (AOAN), नेपाल ड्रोन संघ र एसोशिएसन अफ राफ्टिङ्ग एजेन्सिज् (NARA) सँग समझदारी गरिएको छ।
- मनसुन सुरु भएसँगै सर्पले टोकेर धेरै नागरिकको ज्यान जान थालेपछि सर्पदंशबाट हुने मृत्यु र अशक्ततालाई रोकथाम तथा नियन्त्रण एवं आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्ने उद्देश्यसहित 'सर्पदंश रोकथाम र नियन्त्रण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३' जारी गरिएको छ।



हाइलाइट

मनसुनका ६० दिनमा मनसुनजन्य विपद्बाट ६९ जनाको मृत्यु, ७ जना बेपत्ता र १२१ जना घाइते। १६३५ परिवार प्रत्यक्ष प्रभावित। गत वर्ष यही अवधिमा ४३ जनाको मृत्यु भएको थियो भने ११६ जना घाइते भएका थिए। विपद् प्रत्यक्ष प्रभावित परिवार को संख्या २११४ थियो।



६० दिनमा मनसुनजन्य घटनाहरूबाट भएको क्षति

विपद्	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित
बाढी	२०२	१६	५	९	४५४
पहिरो	८५७	३९	२	४८	८०६
भारी वर्षा	२६२	१	०	१२	२७४
चट्याङ्ग	८१	१३	०	५२	१०१
जम्मा	**१४०२**	**६९**	**७**	**१२१**	**१६३५**

श्रोत : https://bipadportal.gov.np/incidents



६० दिनमा अन्य विपद्का घटनाहरूबाट भएको क्षति

विपद्	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
आगलागी	३८६	४	०	६९	४४६
वन डढेलो	१२	०	०	०	०
हावाहुरी	२९	०	०	३	२२
सर्पदंश	६८६	५१	०	६४४	६८९
जनावर आक्रमण	१४९	७	०	९३	२३४
लेक लाग्नु	६	२	०	४	६
अन्य	५	१	०	४	५
विष्फोटन	१	१	०	१	२
भूकम्प	४	०	०	०	३
जम्मा	**१२७८**	**६६**	**०**	**८१८**	**१४०७**

श्रोत : https://bipadportal.gov.np/incidents

बाढी, पहिरो, भारी वर्षा र चट्याङको गत वर्ष र यो वर्षको तुलना (गत वर्ष २०८२ जेठ १५ - २०८२ असार १३। यस वर्ष २०८३ असार ५ -२०८३ भदौ १ गतेसम्म)









प्रदेशगत मनसुनजन्य विपद्का घटना र क्षति



कोशी प्रदेश
घटना संख्या ३२१
मृत्यु ८
वेपत्ता ०
घाइते १२
प्रत्यक्ष प्रभावित परिवार ३५८

मधेश प्रदेश
घटना संख्या ५६
मृत्यु ३
वेपत्ता १
घाइते १७
प्रत्यक्ष प्रभावित परिवार ६४





बागमती प्रदेश
घटना संख्या २६२
मृत्यु ११
वेपत्ता ०३
घाइते १७
प्रत्यक्ष प्रभावित परिवार ३६७



गण्डकी प्रदेश
घटना संख्या ३०१
मृत्यु ११
वेपत्ता ११
घाइते १२
प्रत्यक्ष प्रभावित परिवार १९२

प्रदेश	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
कोशी	३२१	८	०	१२	३५८
मधेश	५६	३	१	१७	६४
बागमती	२६२	११	३	१५	२६७
गण्डकी	३०१	११	१	१२	१९१
लुम्बिनी	१८३	२७	१	१६	१३७
कर्णाली	१६१	१२	१	२९	३५७
सुदूरपश्चिम	११८	१	०	२०	२६१
जम्मा	**१४०२**	**६९**	**७**	**१२१**	**१६३५**

लुम्बिनी प्रदेश
घटना संख्या १८३
मृत्यु २७
वेपत्ता १
घाइते १६
प्रत्यक्ष प्रभावित परिवार १३७





कर्णाली प्रदेश
घटना संख्या १६१
मृत्यु १२
वेपत्ता १
घाइते २९
प्रत्यक्ष प्रभावित परिवार ३५७



सुदूरपश्चिम प्रदेश
घटना संख्या ११८
मृत्यु १
वेपत्ता ०
घाइते २०
प्रत्यक्ष प्रभावित परिवार २६१

प्रदेशगत सबैखालका (मनसुनजन्य सहित) विपद्का घटना र क्षति

प्रदेश	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
कोशी	५६५	२०	०	१३३	६५३
मधेश	३००	२४	१	१६६	३४५
बागमती	३८८	१४	३	७५	४१२
गण्डकी	४०५	१३	१	८३	३१३
लुम्बिनी	४२५	४०	१	२०७	३८७
कर्णाली	२४६	१७	१	८१	४३५
सुदूरपश्चिम	३५१	७	०	१९४	४९७
जम्मा	**२६८०**	**१३५**	**७**	**९३९**	**३०४२**

मनसुनजन्य विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी भएका प्रमुख कार्यहरु

- प्राधिकरणमा Situation Room स्थापना गरी विपद् सम्बन्धी अवस्थाको निरन्तर निगरानी, विपद् पोर्टलमा विवरण अद्यावधिक, स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकाय लगायतसँग समन्वय, सहजीकरण र सम्पर्क गरी समस्या समाधान गर्ने व्यवस्था मिलाइएको। विपद्को जोखिम पूर्वानुमान पश्चात प्रतिकार्यमा जिम्मेवार व्यक्तिहरुलाई प्रत्यक्ष फोन सम्पर्क गर्ने तथा सन्देश पठाउने गरिएको।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्राधिकरणबाट सरोकारवाला सबै निकायहरुसँग निरन्तर रुपमा समन्वय र सहकार्य भइरहेको।
- सडक अवरोध सम्बन्धी समस्या तत्काल समाधान गर्न सडक विभागसँगको सहकार्यमा सेतु एप संचालनमा रहेको।
- राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) र ७७ वटै जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू (DEOC) २४सै घण्टा सञ्चालनमा रहेका छन्।
- विपद् प्रतिकार्यमा प्रत्यक्ष संलग्न रहने प्रमुख जिल्ला अधिकारी (CDO), सुरक्षा निकाय, फोकल पर्सन तथा स्थानीय तहका जिम्मेवार पदाधिकारीहरूलाई घटना हुनुपूर्व नै 'Alert Message' पठाउने व्यवस्था गरिएको छ। (हालसम्म ३००० भन्दा बढी officials लाई पूर्व-सचेतना सन्देश प्रेषित गरिसकिएको छ।)
- जल तथा मौसम विज्ञान विभागमार्फत जोखिमयुक्त क्षेत्रका सम्बन्धित सेवाग्राहीहरूलाई निरन्तर रूपमा पूर्वसूचना तथा सजगता सम्बन्धी एसएमएस (SMS) पठाउने कार्य जारी रहेको छ।
- पूर्वानुमानका आधारमा पूर्वसूचना / पूर्वचेतावनी / पूर्वकार्यका लागि एड्भाइजरी / प्रेस नोट / विज्ञप्ति जारी गर्ने र सूचना स्थानीय स्तरसम्म स्थानीय तह, वडा कार्यालय, स्वयंसेवक र बहुसंचार च्यानल (एसएमएस, रेडियो, एफएम, टिभि, सामाजिक संजाल लगायत) मार्फत पुऱ्याइएको।
- बाढी प्रभावित जिल्लाका ५५ स्थानमा पूर्वसूचना तथा पूर्वकार्यका लागि जडान गरिएका साइरनबाट चेतावनीको जानकारी हुने व्यवस्था मिलाइएको।
- विपद् सम्बन्धी सूचनालाई छिटो र प्रभावकारी रुपमा आम मानिससम्म पुऱ्याउन सार्वजनिक सेवा प्रशारण, नेपाल (PSBN), सामुदायिक रेडियोहरुको प्रसारकहरुको संघ नेपाल (ACORAB), नेपाल पत्रकार महासंघ, रासस एवं अन्य सञ्चार जगतसँग सहकार्य गरिएको।

यस वर्ष मनसुनको अवधिमा घटेका मनसुनजन्य विपद्का घटनाहरूबाट क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचना



मनसुनजन्य विपदका घटनाको गत वर्ष र यस वर्षको एकमुष्ठ तुलना

मिति	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रत्यक्ष प्रभावित परिवार
२०८२ जेठ १५ – २०८२ साउन ११	५७१	४३	१९	११६	२११४
२०८३ असार ५ – २०८३ भाद्र १	१४०२	६९	७	१२१	१६३५

- Location-specific targeting, समयबद्धता र समग्र प्रभावकारिता वृद्धि गर्नका लागि सेल ब्रोडकास्टिङ प्रणाली (Cell Broadcasting System) मा स्तरोन्नति गर्न अपरिहार्य देखिएको र सो को लागि कार्यदल गठन भई अध्ययन भइरहेको।
- प्राधिकरणले वेवसाइट, सामाजिक सञ्जालहरु (फेसबुक, ट्वीटर, यूट्युब, टिकटक, भाइबर च्यानल)हरुबाट सचेतनामूलक सामग्रीहरु सम्प्रेषण तथा रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिकालगायतबाट पनि सूचनाहरु प्रसारण तथा प्रकाशन गर्दै आएको छ।



चित्र १- यस वर्ष मनसुन आगमन भए देखिको ६० दिन (२०८३ असार ५ देखि २०८३ भदौ १ गते सम्म) मा मापन गरिएको वर्षाको नक्साः



चित्र २- यस वर्ष मनसुन आगमन भए देखिको ६० दिनमा १२६ वटा वर्षा मापन केन्द्रमा मापन गरिएको वर्षाको सरदर संगको तुलना

यस अवधिमा मापन गरिएको वर्षाः ७४६.८ मि.मि.

सरदर वर्षाः ८३०.६ मि.मि.

सरदरसँगको वर्षाको तुलनाः ८९.९ %

प्रकाशित मिति- २०८३ भदौ ९ गते